जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः ११, अंकः १६ पृष्ठः ४ | २०८१ वैशाख २३ गते आइतबार (Sunday 05 May 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## छोरा पक्राउ

सिरहा, २२ बैशाख। सिरहा प्रहरीले आफ्नै बुवाको कुटपीटगरी हत्या गरेको अभियोगमा एक युवकलाई पक्राउ गरेको छ। गोलबजार नगरपालिका १० डण्डाटोलका ५१ वर्षीय चन्दर यादवको कुटपिट गरी हत्या गरेको अभियोगमा उनकै छोरा २४ वर्षीय रन्जन भन्ने जितेन्द्र यादवलाई प्रहरीले पक्राउ गरेको हो।

घरायसी विवादको कारण मंगलबार राति जितेन्द्रले बुबालाई कुटपिट गर्दा गम्भीर घाइते भएको थियो। घाइते यादवको उपचारको क्रममा विराटनगरमा विहिवार मृत्यु भएको प्रहरीले जनाएको छ। बुवालाई कुटपीटगरी घाइते बनाएको भन्ने खवर पाउनसाथ इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरीले जितेन्द्रलाई पक्राउ गरेको हो। चन्दर करिव तीन महिनाअघिमात्र बैदेशिक रोजगारीबाट घर फर्केका थिए।

## चिम्टी अग्नि पीडितलाई राहत

सप्तरी, २२ वैशाख। आगलागीबाट घर नष्ट भएका चिम्टीका अग्निपीडितलाई सप्तरीस्थित नेपाल मुस्लिम समाज सेवालगायत विभिन्न संघसंस्थाले राहत सामग्री प्रदान गरेका छन्। नेपाल मुस्लिम समाज सेवा सप्तरीका उपाध्यक्ष अफरोज आलमका अनुसार सप्तरीले महादेवा

-बाँकी तीन पेजमा

## दक्षिणी भेगमा पनि खानेपानीको समस्या



जीवछ यादव

लहान, २२ वैशाख। लोकमार्गदेखि दक्षिणी भेगमा हातेकल सुक्न थालेपछि खानेपानीको समस्या देखिन थालेको छ। मोटरजडान गरिएर खानेपानीका लागि पर्याप्तता पानी उपलब्ध हुने दक्षिणी भेगमा देखिएको समस्याको समाधान नभए विकराल परिस्थिति आउने स्थानीयहरूले चिन्ता जाहेर गरेका हुन्।

नेपाल खानेपानी संस्थान लहानका प्रमुख श्रीष भण्डारीका अनुसार प्रत्येक वर्ष दुई मिटर खानेपानीको लिएर तल गइरहेकाले लोकमार्गदेखि दक्षिणी भेगमा पनि यसवर्ष समस्या देखिएकै हो। खानेपानीको धारा जडानका लागि आउने निवेदनका चाप विगत वर्षहरूको तुलनामा बढी देखिएको छ। यो समस्या लहान नगरपालिकाको पुरानो १० वटा वडाहरूमा देखिन थालियो।

१० वर्ष अगाडि यो समस्या लहान नगरपालिकाको दुई वडामा मात्रै थियो। अहिले सहरी क्षेत्रको १० वटै वडामा यो समस्या देखिएको छ। लहान वडा नम्बर २ र ३ लोकमार्गदेखि दक्षिणमा हातेकलहरु सुक्न थालेपछि खानेपानी नुहाउन र गाइवस्तुलाई समेत खानेपानीको समस्या भएको लहान–२ का स्थानीय विजय कुमार यादवले बताउनुभयो। साथै यस वडामा उत्पादन गरिने तरकारी खेतीलाई पनि समस्या भएको उहाँको भनाइ छ।

लहान–२ मा खानेपानीका लागि जडान गरिएका हाते कलहरू सुक्न थालेपछि एक सयभन्दा बढी घर परिवार रहेका बस्तीमा ६३ घरमा धारा जडान गरिएको वडाध्यक्ष सियाराम यादवले बताउनुभयो। यस वडामा समरर्सियल बोरिङग जडान र खानेपानीको धारा जडान बाहेक अर्को भरपर्दो विकल्प नभएको उहाँको भनाइ छ। सिरहा जिल्लाको लहान, धनगडीमाई, गोलबजार, मिर्चैया र कर्जन्हा नगरपालिकाहरूमा समेत लोकमार्गदेखि दक्षिणी भेगमा देखिएको खानेपानीको समस्या चुरे क्षेत्रमा भएको अवैध तरिकाले भएको वन विनाश, गिटी बालुवा उत्खनन् प्रमुख कारण रहेको वातावरणविद् दिनेश कुमार यादवले बताउनुभयो।

उहाँले भन्नुभयो, 'प्रथम राष्ट्रपति डा. रामवरण यादवले चुरे संरक्षण कार्यक्रम ल्याएर थालिएको प्रयासलाई प्रभावकारी ढंगले सरोकारवालाहरूले कार्यान्वयन गरेको भए आज यो समस्या आउने थिएन।'

## मधेस प्रदेशमा आगलागीबाट ४६ करोडको क्षति

जनकपुरधाम, २२ वैशाख। मधेस प्रदेशका विभिन्न जिल्लामा आगलागीबाट विगत १० महिनामा रु ४६ करोडभन्दा बढी मूल्य बराबरको धनसम्पत्ति जलेर नष्ट भएको छ। मधेस प्रदेश प्रहरी कार्यालयले आगलागीका सम्बन्धमा जिल्लाबाट हालसम्म संकलन गरिएको तथ्याङ्क विवरणअनुसार मधेस प्रदेशका आठवटै जिल्लामा आगलागीबाट क्षति भएको जनाएको छ। अहिले पनि प्रदेशका कुनै न कुनै स्थानमा आगलागी भइरहकाले आगलागीबाट सुरक्षित तथा सर्तक रहनका साथै पीडितलाई सहयोगका लागि आग्रह गरिएको छ। प्राप्त विवरणमा धनुषामा रु आठ करोड ४९ लाख, महोत्तरीमा रु चार करोड १४ लाख, सर्लाहीमा रु चार करोड ४१ लाख, सप्तरीमा रु पाँच करोड ४१ लाख, सिरहामा रु आठ करोड ४९ लाख, रौतहटमा रु चार करोड ९८ लाख, बारामा रु चार करोड १७ लाख र पर्सामा रु पाँच करोड ७२ लाख मूल्य बराबरको भौतिक सम्पत्ति जलेर नष्ट भएको बताइएको छ।

मधेस प्रदेशको सिरहामा सबैभन्दा बढी तथा सर्लाहीमा सबैभन्दा कम आगलागीका घटना भएका छन्। सो अवधिमा सिरहामा दुई सय १६ तथा सर्लाहीमा एक सय छ आगलागीका घटना भएको विवरणमा जनाइएको छ। यसैगरी सप्तरीमा एक सय ७२, धनुषामा एक सय ४५, महोत्तरीमा एक सय ३०, रौतहटमा एक सय ८३, बारामा एक सय २१ तथा पर्सामा एक सय २८ आगलागीका घटना भएको विवरणमा उल्लेख गरिएको छ। लामो समयदेखि आकासे पानी नपरेको तथा तातो हावा र बढ्दो गर्मीका कारण आगलागीका घटना अत्यधिक भएको प्रहरीको अनुमान रहेको छ। साथै मानवीय लापरबाही तथा प्राविधिक समस्याले पनि आगलागीका घटना तथा क्षति भएको हो।

## रेल्वे सेवा तीन दिनसम्म बन्द हुने

काठमाडौं, २२ वैशाख। जनकपुरबाट भारतको जयनगरसम्म रेल्वे सेवा भोलिदेखि तीन दिनसम्म बन्द हुने भएको छ। भारतमा हुन लागेको लोकसभा चुनावलाई लक्षित गरेर आइतवारदेखि आउँदो मंगलवारसम्म जनकपुरबाट भारतको जयनगरसम्म रेल्वे सेवा अवरुद्ध सूचनामा उल्लेख छ। भारतको मधुवनी जिल्लाको झंझारपुर संसदीय क्षेत्रमा मे ७ तारिख मंगलवार लोकसभाको चुनाव हुँदैछ। चुनावको सुरक्षालाई देखाएर भारतीय पक्षले मध्यरातिदेखि आउँदो मंगलवार मध्यरातिसम्म नेपाल भारत सीमा क्षेत्रको नाका बन्द गर्ने निर्णय गरेको छ। भारतको यो निर्णयका कारण आइतवारदेखि मंगलवारसम्म रेल्वे सेवा बन्द हुने भएको हो।




## बागमती सिँचाइ आयोजना ब्यारेजको तीन दशकछि जीर्णोद्धार



जनकपुर, २२ वैशाख। बागमती सिँचाइ आयोजनाको मुख्य संरचना (ब्यारेज)को तीन दशकपछि मर्मतसम्भार कार्य तीव्र गतिमा सुरु भएको छ। चार सय तीन मिटर लम्बाइ रहेको सो ब्यारेज लामो समयदेखि मर्मतसम्भार नहुँदा ब्यारेजको संरचना समाप्त हुने खतरा थियो। सर्लाही तथा रौतहटका किसानको खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउँदै आएको सो आयोजनाले सम्बन्धित किसान तथा जलउपभोक्ता समितिको संयुक्त बैठकको निर्णयानुसार सो आयोजनाको ब्यारेजसहित संरचनाको मर्मतसुधार कार्य सुरु भएको हो। आयोजनाको विशेष पहलमा ३० जलउपभोक्ता समिति तथा किसानको बैठकले तत्काल सिँचाइका लागि दिँदै आएको पानी बन्द गर्ने निर्णयसमेत गरेको छ।

यही वैशाख १३ गतेदेखि आगामी जेठ २० गतेसम्म सो ब्यारेजको मर्मतसुधार गर्नुपर्ने भएकाले सो अवधिमा कुनै पनि बाली उत्पादन

-बाँकी तीन पेजमा

# सम्पादकीय

## अनशनकारीको उपेक्षा नगर !

रुसी सेनामा भर्ती गरिएका नेपाली नागरिकका आफन्तहरू दुई साता बढीदेखि आमरण अनशनमा छन्। रुसी सेना रहेका आफन्तको रिहाइका लागि प्रयास गरिदिन सरकारलाई गुहार्दा सुनुवाइ नभएपछि उनीहरूले सत्याग्रह थालेका हुन्। उनीहरूका अनुसार गृह र परराष्ट्रमन्त्रीसँग पटकपटक आग्रह गर्दा पनि सरकारले बेवास्ता गऱ्यो। अनशनकारीका मागमा रुसी सेनामा भर्ती गरिएका नेपालीको जीवन रक्षा, युक्रेनमा युद्ध बन्दी बनाइएका नेपालीको रिहाइ मुख्य हुन्। यस्तै घाइतेको उपचार र क्षतिपूर्ती, बेपत्ता भएकाहरूको खोजीका नेपाली युवालाई युद्धरत देशको सेनामा भर्ती हुन प्रलोभन दिने मानव तस्करहरूलाई कारबाही पनि उनीहरूको मागमा समावेश छन्।


नेपाल सरकारसँग रुसी सेनामा कति नेपालीलाई अवैधरूपमा भर्ती गरिएको छ भन्ने यथार्थ विवरण पनि छैन। यस्तै अहिलेसम्म लडाइँमा कति नेपाली मारिए, घाइते भए र युक्रेनले बन्दी बनाएको छ भन्ने पनि भरपर्दो जानकारी छैन। नेपाली नागरिकलाई फर्काइदिन गरिएको आग्रहलाई रुस सरकारले गम्भीररूपमा लिएको देखिँदैन। युद्धमा मारिएकाहरूको जानकारी र शव परिवार यथाशीघ्र दिनुपर्ने मानवीय दायित्वको पनि रुस सरकारले बेवास्ता गरेको छ। महिनौ सम्पर्कविहीन भएका नेपाली रुसी सेनामा भर्ती भए नभएको जानकारी समेत रुसले नेपाललाई दिएको छैन। यसैगरी मारिएका आफन्तको सद्गत गर्नसमेत नपाउँदा नेपालमा रहेका परिवारजन विह्वल बनेका छन्।

अनशनकारी मानसिकरूपमा त आफन्तको चिन्तामा विह्वल छन् नै उनीहरूको शारीरिक स्वास्थ्य पनि बिग्रन थालेको बताइएको छ। तर, सरकारले भने उनीहरूको माग र स्वास्थ्यप्रति चासोसम्म पनि राखेको देखिएन। नत्र त, कम्तीमा अनशनकारीसँग वार्ता गरेर उनीहरूप्रति सरकारले सहानुभूति प्रकट गर्नुपर्थ्यो। नेपालको अनुमतिविना नेपाली नागरिकलाई रुसी सेनामा भर्ती गर्नु अन्तर्राष्ट्रिय कूटनीतिक अभ्यास प्रतिकूल हुन्छ। चोरबाटोबाट रुस पुऱ्याइएका नेपाली नागरिकको रुसी सेनामा भर्ती यसैले अवैध हो। रुसले नेपाललाई मित्र राष्ट्र ठानेको भए अवैधरूपमा रुस पुऱ्याइएका नेपालीलाई सेनामा भर्ती गर्ने होइन सकुशल नेपाल फर्काउने थियो।

सरकार पनि यस विषयमा उत्तिकै गम्भीर रहेको देखाउनमात्र सकेको भए पनि सायद राज्यप्रति तिनको विश्वास कायम डगमगाउने थिएन। नागरिकको जिउधनको रक्षा गर्ने राज्यको सबैभन्दा मुख्य र प्राथमिक कर्तव्य हो। यसैले नागरिकको जीवन रक्षाप्रति उदासीन सरकारलाई राज्य सञ्चालन गर्ने नैतिक वैधता हुँदैन। रुसले नेपालीको शव फर्काउनसमेत यस्तो धिङ्न्याइँ देखाउँदासमेत वर्तमान सरकार मौन रहेको छ। सोभियत संघको उत्तराधिकारी रुसप्रति नेपालका कम्युनिस्टहरूमा अपनत्व' हुनु अस्वाभाविक नहोला। तर, सरकारमा बसेर नेपाली  जनताको अस्मिता र नेपालको राष्ट्रिय स्वाभिमानसँग यसरी खेलबाड गर्नु अनैतिक हो।

राजनीतिक शक्तिको जन्म बन्दुकको नालबाट हुन्छ' भन्ने विचारका अनुयायीहरूले सत्याग्रहको शक्ति र महत्तालाई बेवास्ता गर्नु आश्चर्य होइन। तर, नेपालका प्रबुद्ध नागरिकका साथै प्रमुख विपक्षी नेपाली कांग्रेससमेत रुसी अर्घेल्याइँप्रति मौन बस्नु दुर्भाग्य हो। अहिले अनशनकारीले प्रभाव सीमित देखिएला तर उनीहरूप्रति जनसहानुभूति पक्कै बढ्नेछ। मानवीयता र अन्तर्राष्ट्रिय कूटनीतिक मान्यताका यावत् मापदण्ड उल्लंघन गर्न नहिचकिचाउने रुसी सरकारले नेपालको आग्रह नसुन्न सक्छ। तर, नेपालको सार्वभौम सत्ता र नेपालीको स्वाभिमानको रक्षाका लागि आवश्यक भए रुसमात्र होइन कुनै पनि राष्ट्रसँग कूटनीतिक सम्बन्ध भङ्ग गर्न परे पनि हिचकिचाउनु हुँदैन। अनशनकारीसँग यथाशीघ्र वार्ता गरी सरकारले उनीहरूको जीवन रक्षा गर्ने र राज्यप्रति विश्वास कायम राख्ने प्रयास गरोस् ।

# खरानीमुनिको आगो


खगेन्द्र संग्रौला

आकाश छर्लंगै उघ्रेको थियो। झुल्के घामका मधुरा, शान्त किरण पहेँल्पुर फुलेको तोरीबारीमा ओइरिए। खरका छानाहरूबाट पातलो बाफ फुस्फुस् उड्न थाल्यो। शीतले निथ्रुक्क भिजेको गाउँ घामका न्याना किरणले मुख धोएर मुसुक्क हाँस्यो। ओई बा !' नस्पातीका रुखको टुप्पोबाट हरिदलेले उल्लासमय स्वरमा बोलायो, ओई बा ! हेर अक्कासभरि गिद्ध उडेका।' जितमान सार्की अँगेनाका डिलमा खुट्टा फारेर झोक्राउँदै बसेको थियो। उसको मगजमा चिन्ताको प्रवाह उर्लेको थियो, ह्दयमा वेदना। उदास मुद्रामा ऊ जुरुक्क उठ्यो, आँगनमा पुग्यो र कान तिखारेर सुन्यो। घामलाई छुन खोज्दै आकाशतिर चुलिएको गिद्धे पहरोतिर उसले आँखा उठायो। खै त गिद्ध कतै पनि छैनन् नि ? मधुरो आशाले भरिएको उसको मन अँध्यारो बादलले ढाकियो। दिक्क मान्दै उसले आङ तान्यो र ऊ फेरि अँगेनाका डिलमा झोक्रिन थाल्यो। डाँडाको जूनजस्ती उसकी आमा अँगेनो खोस्रिन थालिन्। उसले मुजैमुजा परेका आमाका गालामा जीवनको धून बिलाउँदै गएको देख्यो।

त्यो फूलपातीको दिन थियो, वर्ष दिनको चाड। जम्मै दाँत फुक्लिसकेकी आमालाई जितमानले ट्वाल्ल परेर हेऱ्यो। अहो ! अर्को दशैँसम्म आमा बाँच्लिन् र ? उसको मुटुको ढुकढुकी टक्क अडिएजस्तो भयो। पोहोरको दशैँको उराठलाग्दो चित्र उसको मनमा नाच्न थाल्यो। आमा पोहोर पनि फूलपातीका दिन त्यै चिसो अँगेनाको डिलमा त्यसरी नै कुप्रिएर बसेकी थिइन्। उनीसँगै टाँसिएर पुतली खेलाउँदै गीत गाउँदै थिई सानी डल्ली। मनमा औडाहाको अजङ्गको भारी बोकेर जितमान यसरी नै झोक्रिँदै थियो। यो साल फूलपाती त आयो तर डल्ली आइन। अर्को फूलपातीमा आमा होलिन् कि नहोलिन् ! तालुमा हात राखेर उसले आँखा चिम्ल्यो। आमाका चाउरिएका गालाबाट विरहका आँसु बगे।

पहेँल्पुर तोरीबारीतिर फर्केर जितमानले मैलो दौराको फेरले आँसु पुछ्यो। पोहोर पनि बारीमा यसरी नै ढकमक्क तोरी फुलेको थियो। तर तोरीबारीभन्दा उज्याली त उसकी डल्ली पो थिई। आफ्नो तोरीबारी नभए पनि जितमानले छोरीका मायालु गालामा तोरीबारीको सौन्दर्य देखेको थियो। अहिले घरमुनि जितमानको तोरीबारी छैन, र काखमाथि उसकी डल्ली छैन। सुस्केरा हाल्दै उसले दुवै हातले आँखा छोप्यो। ओई बा !' हावाझैँ हुर्रिदै आएर हरिदलेले बाबुको कम्मरमा अँगालो माऱ्यो। टारघरे मुखियाको पाडे गोरु मरेछ, बा !' बाबुको पेटमा मुख जोतेर फुरुङ्क पर्दै उसले भन्यो। बाबुले छोराको कपाल मुसाऱ्यो, छोराले बाबुको अनुहारतिर आसालु आँखा उठायो।

कल्ले भन्यो तँलाई ?' छेउघरे गान्टेले। हो बा, साँच्चै हो। नपत्याए हेर न आकाशभरि गिद्ध घुमेका।' जितमान सिकुवामा बस्यो र जुत्ता रङ्गाउन थाल्यो। टारघरे मुखियाको अनुहार टल्किँदै गएका जुत्तामा उत्रिँदै गयो। जुत्तामा थुक लगायो र मुन्टो हल्लाउँदै उसले बुरुस दल्यो। रङ्गाइसकेपछि आँखैनेर जुत्ता उठाएर बडो आनन्दसँग उसले नियाल्यो। जुत्ता कति काला, कति चिल्ला, कति बान्की परेका ! जुत्ता देखेर मुखियाका आँखा कसो नलोभिएलान् ? जुत्ताको टलकमा मुखियाको अनुहार हेर्दै ऊ फिस्स हाँस्यो। ओई आमै ! टारघरे मुखियाको पाडे गोरु मरेछ। नपत्याए बाहिर ग'र हेर त। अकाशभरि कतिकति गिद्ध छन् !' पुरानो कपडाले जितमानले जुत्ता बेऱ्यो। अनि डोकामा जुत्ता हालेर ऊ हिँड्यो। बाख्रीको चुल्बुले पाठोझैँ बुरुक–बुरुक उफ्रिँदै छोरो पछि लाग्यो। गिद्धे पहराबाट कतिबिधि गिद्ध वेग हान्दै टारघरे मुखियाका घरतिर ओइरिन लागेछन्। अँ, गोरु मरेको त साँच्चै हो रहेछ।

ओइ बा, जुत्ता कहाँ लाने ?' मुखियालाई बक्साउन।' जितमानको स्वर पीरले भिजेको थियो। झिमिक्क ननिदाई ऊ रातभरि छटपटाइरहयो। राता भएका थिए उसका आँखा र खिन्न भएको थियो उसको मन। कसरी रिझाउने होला टारघरे मुखियालाई ? उसका डेग चलेनन्। मुखियाका घोप्टे जुँगा सम्झेर ऊ डरायो। छातीमा हात राख्यो र छोराको पहेँलो अनुहार व्यथित नजरले हेऱ्यो। आ= बित्थामा आएको यो पापी दशैँ गरिबका छातीमा आँसुको मूल फुटाइदिन !

ओई बा, गिद्धले मासु लुछिसके होलान्।' नकारा च्याँसे, खालास् लबटा।' जितमानलाई बेस्सरी ठेस लाग्यो। दाहिने खुट्टाको बुढीऔँलाको नङबाट रगत रसायो र उसको मुटु निचोरियो। अल्छी मानेर लुखुर–लुखुर हिँड्दै जाँदा महिना दिनअघिको एउटा दृश्य उसको मनको ऐनामा टङ्कारिँदै गयो। अहो ! टारघरे मुखिया त्यस दिन रिसले कस्तो ब्वाँसो भएको थियो ! बेइमान् गन्दे।' मुखियाका वचन उसका कानमा भुन्भुनाए, के सम्झ्याछस् तैँले मलाई ? गुहारे खेतालासम्म नपठाउने तँ कहाँको राजा होस् ए गुहेकिरा ? लैजा, तेरा बाउका छाला तैँ पोलेर खा। हेरिराख् गन्दे, तेरो बासउट्टा गर्न सकिनछु भने मलाई गोविन्द डिट्ठाको छोरो नभन्नू।' जुत्ता भेटी लिएर मुखियालाई बक्साउन गएको जितमानले मुन्टो निहुराएर बिन्ती चढाएथ्यो। एक्लो मान्छे, चिसो चुलो, नाङ्गो र भोको पेट आदि कुरा गर्दै मुखियाका पाउमा उसले दुःख बिसाएथ्यो। परम् दयालु भनेर नाम चलेका टारघरे मुखियाले त्यस दिन जुत्ता त लिए तर दयाको वचन भने दिएनन्।

रगत र पसिना जमाएर सिएका जुत्ता सित्तै दिँदा पनि मालिकलाई रिझाउन नसकिने कस्तो गाउँ हो यो ? अहो ! टारघरे मुखिया त राछ्छेसै पो भइसके छन् ! कपाल कन्याउँदै जितमानले तोरीबारीतिर आँखा घुमायो। तोरीबारीको आँखै टिप्ने सुन्दर दृश्य, हल्का सुगन्ध, ढकमक्क फुलेको फूलझैँ घामका सफा, शान्त र न्याना किरणहरूले सिँगारिएको छ त्यो गाउँ। तर यी जम्मै चिजमा जीवनको उल्लास खै कहाँ छ ? अनि खै कहाँ छ जीवनको इन्साफ ? भतभती पोल्ने उजाड मरुभूमिमा पिल्सिँदै पानी खोज्न हिँडेको अभागी यात्रीजस्तै भयो जितमान सार्की।

ओई बा, गिद्धले मासु खाइसके होलान्। लौ न, चाँडो कुद।' चुप्। मेरा मनको औडाहा तँ बुझ्दैनस् लाटा।' कुटमिराको रुखमुन्तिर पाडे गोरु लम्पसार परेको रहेछ। आँखामा आशाका धमिला फूल फुलाउँदै जितमानले गोरुको भुँडी छाम्यो। भुँडी ढाडिएर दमाहा भइसकेछ। लामो जिब्रो भुइँमा जोतेर पाडे गएछ। मुखमा स्याउँस्याउँ किरा परेका रहेछन्। सिनुबाट उठेको हरकले हरिदलेको नाकलाई गिज्यायो। नजिकैको ओखरको रुखमा बसेका अहारिसे गिद्धलाई देखेर हरिदलेलाई झोँक चल्यो। पारखी आँखाले पाडेलाई नियाल्दै जितमानले मनमनै गुन्यो– गोरु त बलियैजस्तो छ। उस्तो बुढो पनि कहाँ हो र ? अँ, ठुलै पनि त छ। पाँच–सात छाक मासु, अँ, जुत्ता कति जोर होलान् ? चार, पाँच, छ, सात। उसले अन्दाज गर्न सकेन। ओई बा ! किराले मासु खाइसके। लौ न यताबाट काट्न थाल।' चुप लाग्, पुड्के मोरा ! मुखियाले देखे भने तेरै मासु लुछ्लान्।'

बाबुका दौराको फेर समातेर हरिदलेले असहाय आँखाले उसलाई टुलुटुलु हेऱ्यो। एउटा हरियो झिँगो वेग हान्दै आएर उसको निधारमा ठोक्कियो। जितमानले छोराको निधार सुमसुम्यायो। छोरो बाबुका तीघ्रामा टाँस्सियो। मुखियाका घरपछाडि तल्लो सुरमा पुगेर अन्योलमा परेको जितमान ठिङ्ग उभियो। रिसले आगो भएका मुखियाका सामुन्ने कसरी मुख देखाउने ? गुत्थ फुलेर घोप्टे जुँगा मुसार्दै बाघझैँ गर्जे भने ! जितमानले छोराको हात च्याप्प समात्यो। के भो बा ?' मलाई कत्रो पीर छ, तँ सिँगानेलाई के थाहा ?' मुखियाका आँगनबाट आएको खलबली जितमानका कानमा घन्क्यो। खसी काट्न लाग्या होलान उसले लख काट्यो। एक मन त गाली खानुपर्ला भन्ने डरले मुखियाका अगाडि मुखै नदेखाउँजस्तो पनि लाग्यो उसलाई। छोरो मासु लिएर आउला भनेर बाटो हेर्दै अँगेनाका डिलमा आमा झोँक्राइरहेकी होलिन्। पोहोरको दशैँ, अनि त्यसपछिको अनिकाल, यसपालिको दशैँ अनि आगुँको दशैँ... जितमानको सोचाइ छरपस्ट भयो।

गन्दे !' निधार खुम्च्याउँदै मुखियाले हकारे, हेर, हेर, डोको बोकेर सिनु ओसार्न आको हरामी गिद्ध ! गुहारे खेताला डाक्न पठाउँदा के भन्याथिस्, सम्झना छ ? मेराँ दाह्रा नङिच्याए पनि छाक टर्ला भन्थिस् रे, होइन ? हेर, दाँत उध्याको सिनु लुछ्न। गर्जिते सार्कीलाई डाक्न पठाआ छु। तँलाई घिचाउनुभन्दा त गिद्धलाई छाड्दिनु जाती। तेस्सिमा निमकहराम छुसी !' मुखियाले घोप्टा जुँगा मुसारे, गाला राता पार्दै हात मले, अनि आँगन वरिपरि एक फन्को मारे। हावाभरि दिल्लगीका स्वरहरू गुन्जे। जितमानले डोको बिसायो र त्यहाँका भद्रभलादमीहरूलाई सर्लक्क हेऱ्यो। सबैका अनुहार प्रशन्न थिए, आँखा चम्किला र ओठ रसिला थिए।

जितमानले कर्के आँखाले मुखियालाई यसोक्क हेऱ्यो र डोकाको पिँधबाट झुमाले बेरेका चिल्ला, काला जुत्ता निकाल्यो। जुत्ताका कानमा माटाको सानो दाग लागेछ, उसले दौराको फेरले दाग पुछ्यो। सिकुवाको डिलमा मुडामाथि बसेका मुखियातिर उसले पाइला बढाउन खोज्यो, तर उसका गोडा बिलाएजस्ता भए। मुखियाको माथ्लो ओठमा एउटा तरङ्ग दगुऱ्यो र घोप्टा जुँगा हल्लिए। जितमानलाई लाग्यो, जुँगाजस्तै मुखियाको हिर्दय पनि घोप्टै पो छ कि !

ए ! जुत्ता लिएर पो आएछ गन्दे,' घोप्टा जुँगामुनि मुस्कान लुकाउन खोज्दै मुखियाले भने, जाती गरिस्। हा ! हा ! हा ! तर सिनु भने यसपालि पाउँदैनस्, कुरो बुझ्।' हजुर !' सिकुवाको माथ्लो सुरमा टुक्रुक्क बसेर जितमानले बिन्ती चढायो। पाउँदैनस् गन्दे।' मुखियाले जुत्ता भुइँमा पछारे। यत्रो चाडको दिन हजुर !' जुत्ता टिपेर मुखियाका अगाडि राखिदिँदै हात जोडेर जितमानले भन्यो, बुढीआमा, नाबालक छोराछोरी, चाडबाडमा नहुनेलाई पनि रहरैलाग्दो र'छ, हजुर !' निरास आँखाले मालिकलाई हेर्दै जितमानले उसका घोप्टा जुँगामुनिबाट निस्कने जवाफको प्रतीक्षा गऱ्यो।

नाथे एक जोर जुत्तामा जात फाल्ने के देख्या छस् तैँले मलाई ?' चाडबाड सबैको एकै हो, मालिक !' अझ ढिपी गर्छ गन्दे।' ज्यान सबैको एकै हो, हजुर !' जा गन्दे, गइहाल्।' टलक्क टल्किने, काला, आँखै टिप्लान्जस्ता जुत्ता मालिकले खाटमुनि घुसारे। जितमानले निकैबेर मुखियाको गुलियो वचनको बाटो हेऱ्यो। आँगनमा मान्द्रो ओछ्याएर भलादमीहरू खसीका लाम्टा छुट्याइरहेका थिए। आँगनको पल्लो छेउमा उभिएर हरिदले मुखियाका कुरा सुन्दै थियो। केटाकेटी पोलेको मासु चपाउँदै मुख मिठ्याउँदै थिए। हरिदलेले लोभी आँखाले तिनलाई हेऱ्यो। र, घुटुक्क थुक निल्दै ऊ खिस्रिक्क पऱ्यो।

हजुर,' कपाल कन्याउँदै जितमानले कलेँटी परेका ओठ चलायो। उसका ओठ कामे, उसको स्वर गलामै रोकियो। मुखिया उठे, घोप्टे जुँगामा ताउ लाए र घरभित्र पसे। जितमानले यताउति पल्याक–पुलुक हेऱ्यो र सुटुक्क खाटमुनि पसेर जुत्ता निकाल्यो। जुत्ता लान खोज्या होस् कि कसो ए अनिकाले गन्दे ?' दुई–चार गरा खेत पनि खोसेपछि अनिकाले त हुने नै भयो हजुर !' नचाहिने कुरा नगर्, डामिमाग्लास् जिब्रो।' मलाई थाहा छ, चाहिने र नचाहिने कुरो।' कुरो साँचो हो। अनिकालमा खाएको एक मुरी कोदाको ब्याज, ब्याजको ब्याज, ब्याजको ब्याजको पनि ब्याज पट्याएर मुखियाले जितमानको पाथी पाँचेक बिउ लाग्ने खेत चप्काएको कुरो साँचो हो।

अनिकालले प्याकप्याक मुख बा'का बेलाँ खाको कोदो बिर्सिस् गन्दे ?' जितमानका नसा–नसामा क्रोधका तरङ्गहरू दगुरे। मूर्तिझैँ ठिङ्ग उभिएर उसले मालिकलाई पुलुक्क हेऱ्यो। अनिकालाँ कोदो नद्या भए तँ उहिल्यै जिब्रो टेक्थिस्, फुटानी गर्छस् अहिले ?' दया गरेर खेत खाइदिएर त हो मेरी डल्लीको ज्यान गएको।' मुखियाका घरपछाडि पुगेर दाह्रा किट्दै जितमानले भन्यो अनि ऊ ओरालो लाग्यो। ओई बा, गिद्ध ओइरिसके।' बाबु आउन लागेको देखेर हरिदले करायो। तल टाँकीको रुखमुन्तिर पुगेपछि मुखियाले जितमानलाई डाके। सुनेको नसुन्यै गरेर ऊ लुखुर–लुखुर ओरालो झऱ्यो। मुखियाले काइते सहानुभूतिले भिजेको स्वरमा फेरि बोलाए। जितमानले

–बाँकी तीन पेजमा

# लामखुट्टेबाट बच्न खानेपानीका उपभोक्तालाई झुल वितरण

विजयकुमार साह

ढल्केबर, २२ वैशाख। धनुषाको मिथिला नगरपालिका–८ जमुनिवास स्थित जमुनिवास खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले लामखुट्टेबाट बच्न आफ्ना उपभोक्तालाई किटनाशकयुक्त झुल वितरण गरेको छ। खानेपानीको कार्यालय परिसरमा एक अनौपचारिक कार्यक्रमबिच २२३ जना उपभोक्तालाई सो झुल वितरण गरिएको हो। उपभोक्ता समितिका अध्यक्ष नारायणबहादुर श्रेष्ठले झुल वितरण गर्दै गर्मीयाम बढेसँग लामखुट्टेको प्रकोप बढेकाले त्यसको टोकाइबाट बच्न आफ्ना उपभोक्तालाई झुल वितरण गरिएको बताउनुभयो। लामखुट्टेको टोकाइबाट औलो, डेंगुलगायत प्राणघातक रोग सार्ने हुँदा त्यस्ता रोगबाट बच्न विशेष सावधानी अपनाउनु पर्ने बताउँदै उहाँले स्वास्थ्य तथा सरसफाइमा ध्यान दिन आग्रह गर्नुभयो। समितिका वरिष्ठ सल्लाहकार मनिष जर्घामगरले संस्थाको सामाजिक दायित्व कार्यक्रम अन्तर्गत उपभोक्तालाई झुल वितरण गरिएको बताए। लामखुट्टे लाग्ने मौसम सुरु भएकाले औलो, डेङ्गु, मलेरियालगायतका रोगबाट बच्न झुल वितरण गरिएको उनले बताए।

## खरानीमुनिको ...

रोकिएर मुखियालाई हेर्‍यो। उसका आँखा क्रोधले बलेका थिए।

सिनु काटेर आफैँ भट्टेभोज लाउ।' चाँच्चाडो पाइला चाल्दै जितमानले तीतो पोख्यो। अनि उसले मनमनै भन्यो– मेरो खेत खायो, मेरी छोरीलाई खायो, सिनुसम्म खान नदिएर अब मेरी आमालाई खान खोज्छ, निठुरी काँठो ! दगुर्दै आएको हरिदलेले बाबुका तीघ्रामा अँगालो माऱ्यो, मासु काट्न जाऊँ भन्दै उसले बाबुलाई पिरोल्यो र बाबुले नटेरेपछि ऊ सुँक्कसुँक्क रुन थाल्यो। नरो केटा !' बाबुले फकायो। भरे सुँगुरको बुचो काटुँला।' नौ महिनाअघिको दुःखपूर्ण दृश्य उसको मनका आँखामा सजीव भएर नाच्यो। अहो ! त्यही चप्लेटी ढुङ्गामुन्तिर त हो नौ महिनाअघि उसले आफ्नै हातले डल्लीलाई गाडेको ! चिहानलाई झारले छपक्कै ढाकेछ। तीतेपातीका बुच्का पनि ठुल्ठुला भइसकेछन्। जितमानले दुवै हातले आँखा छोप्यो र छोराका आँखा छलेर सुटुक्क आँसु पुछ्यो।

डल्ली खस्नुभन्दा एक महिनाअघिको एउटा घटना उसको मनको पर्दामा झल्याक–झ्लुक देखियो। त्यस दिन डल्लीलाई उसले छाला माड्न लगाएको थियो। दलिनमा झुन्ड्याएको लामो हल्लुँड समातेर डल्लीले निकैबेर छाला माडेकी थिई। बेलुका हेर्दा त हल्लुँडले दर्फन्याएका उसका कलिला हत्केलाबाट रगत पो रसाउन थालेको रहेछ। छोरीको दशा देखेर उसको हृदय चसक्क चस्केको थियो। गोन्याडी, मैले तँलाई हात फुटुन्जेल छाला माड् भन्या थें ?' छोरीका हातमा ओखती लाइदिँदै उसले भनेथ्यो। सेता दाँत टलक्क टल्काउँदै मुसुक्क हाँसेकी थिई उसकी प्यारी डल्ली। सम्झिँदा–सम्झिँदै जितमानका आँखा फेरि रसाए। डल्ली ! यसपालाको अनिकालको महामारीमा तरुल थ्याकुर खाँदा कुफत परेर उसको काखबाट खोसिएकी उसकी प्यारी डल्ली। उसलाई छाला माड्न सघाउने उसकी छोरीको मुख बिहानी पख्खको कलिलो घाममा चम्केको देख्न अब ऊ पाउँदैन।

गरिपमारा काठा !' रिसले आगो भएर दाह्रा किट्दै उसले सराप्यो। मेरो खेत खोसेर मेरी मायालु छोरीलाई तैँले अकालमै मारिस् !' ओई बा, चाँडो आउन बुचो काट्न !' परको चुच्चे ढुङ्गामाथि चढेर हरिदलेले बोलायो। जितमान झसङ्ग भयो। गहिरो निद्राबाट भ्याट्ट ब्यूँझेजस्तो लाग्यो उसलाई। धत्तेरिका ! आधा दिन पो भइसकेछ। दुवै हातले छाती थिच्दै ऊ अगाडि बढ्यो। लुगाफाटा हाल्न साँचेको बुचो अब उसले मार्नैपर्ने भो। डाँडामाथिको घामका पहेँला किरण तोरीबारीमा खनिदा सुनौलो ज्योति आँखै लठ्याउने गरी चम्किँदै थियो। जितमानले सिकुवाको डिलमा बसेर छोराले कुपुकुपु मासु खाएको टुलुटुलु हेऱ्यो। हरिदलेका आँखा डल्लीका जस्तै सफा, शान्त र चम्किला थिए। हरे ! ऊ बाँचिरहेकी भए आज कति रमाउँथी ! घर कति उज्यालो हुन्थ्यो ! घाम डुब्न लागेको क्षितिजतिर फर्केर जितमान एकछिन टोलायो।

मुखियाका गोरुको भन्दा हाम्रै बुचाको मासु मीठो, हैन्त बा ?' भो, भो त्यस ज्यानमाराको नाम मलाई नसम्झा !' कोमल, शान्त र सुन्दर किरण तोरीबारीभरि छरेर घामले जितमानलाई साँझको सलामी दियो।

# महाधिवेशनमा उपेन्द्रलाई इस्तियाकले चुनौती दिने

**एसके यादव**

काठमाडौं, २२ वैशाख। जनता समाजवादी पार्टी नेपालको एकता महाधिवेशन जेठ २८ गतेदेखि जनकपुरमा हुँदैछ। जसपाको अध्यक्षमा पुनः आफू नै सर्वसम्मतिले आउने उपेन्द्र यादवले योजना बनाइरहेको बेला उनीविरुद्ध उम्मेदवारी दिने तयारीमा सोही पार्टीका कार्यकारिणी सदस्य इस्तियाक राई जुटेका छन्। नेता राईले यो कुराको जानकारी कार्यकारिणी समितिको बैठकमै अध्यक्ष यादवलाई जानकारी गराइसकेका छन्। यादव अमेरिका उड्नुअघि पार्टी कार्यालयमा बसेको कार्यकारिणी समितिको बैठकमा नेता राईले यस पटकको महाधिवेशनमा आफूले पनि अध्यक्षमा उम्मेदवार दिने जानकारी गराएका थिए।

बैठकमा सहभागी एक नेताका अनुसार नेता राईले भनेका थिए, अध्यक्षजी महाधिवेशन विधिसम्मत र प्रक्रियागत गराउनु होला, म पनि अध्यक्षको उम्मेदवार हुँ।' नेता राईले राखेको कुरामा अध्यक्ष यादवले त्यति बेला कुनै प्रतिक्रिया भने दिएनन्। उपप्रधान तथा स्वास्थ्य मन्त्रीसमेत रहेका यादवनिकट नेताहरूले अध्यक्षमा उपेन्द्र यादवको विकल्प खोज्ने बेला नभएको बताइरहेका छन्। जसपाभित्र कोहीले पनि यादवलाई टक्कर दिन नसक्ने उनीहरूको भनाई छ। तर नेता इस्तियाक राई भन्छन्, यो एकताको महाधिवेशनमा उपेन्द्रजीले पुस्तान्तरण गर्नुपर्छ। उहाँ २०५४ सालदेखि लगातार पार्टीको अध्यक्ष रहँदै आउनुभएको छ। अब उहाँले अरूलाई अवसर दिनुपर्छ। यदि उपेन्द्रजी सहमतिमा आउनुभएन भने म पनि अध्यक्षमा उम्मेदवारी दिन्छु। त्यसैको तयारी पनि गरिरहेको छु।'

अध्यक्ष यादवले सहमतिमै अरूलाई अध्यक्ष बनाउँछन् भन्ने कुरामा आफू विश्वस्त रहेको बताउँदै उनले भने, म नै अध्यक्ष बन्नुपर्छ भने छैन, उहाँले आफूबाहेक अरू कसैलाई अध्यक्ष बनाए हुन्छ। किनभने अब पुस्तान्तरण गर्नु आवश्यक भइसकेको छ। २७ वर्षदेखि उहाँ अध्यक्ष भएर काम गर्नु भएको छ। अब त उहाँले पनि राजनीतिबाट विश्राम लिने बेला भएको छ। पार्टीमा अभिभावकीय भूमिकामा रहेर दिशा निर्देश गर्ने बेला भएको छ।' अध्यक्ष यादवको नेतृत्वको पार्टी मधेसी जनअधिकार फोरम (हालको जसपा) मा उनले काम गरेको १८ वर्ष भयो। अब आफूले पनि नेतृत्व लिने बेला भएको बताउँदै उनले यसमा पार्टीका अन्य नेताहरूले पनि साथ दिनेमा आफू विश्वस्त रहेको बताए।

**सजिलो छैन उपेन्द्रलाई**

अध्यक्ष यादवका लागि यस पटकको महाधिवेशन विगतको जस्तो सजिलो छैन। पार्टीभित्र थुप्रै नेताहरू असन्तुष्ट भएर बसेका छन्। यसपटक उनी स्वयं सरकारमा गएको कारण भन् असन्तुष्टि बढेको छ। ती सबै असन्तुष्ट नेताहरू महाधिवेशनमा एकीकृत भएर यादवविरुद्ध उभिने तयारी गरेका छन्।





जसपा स्रोतले भन्यो, ती असन्तुष्टमध्ये अहिले खुलेर इस्तियाक राई बाहिर देखिनुभएको छ भने अन्य नेताहरू भित्रभित्रै मोर्चाबन्दी गरिरहेका छन्।'

**फोरमबाट उपेन्द्रको यात्रा**

जसपाका अध्यक्ष उपेन्द्र यादवले २७ वर्षदेखि एउटै पार्टीको (फोरम सामाजिक संस्थाको रूपमा गठन भएदेखि) अध्यक्षमा विराजमान छन्। अन्य दलमा पटक पटक नेतृत्व फेरिएका छन् तर जसपा (फोरम) गठन भएदेखि सो पार्टीमा नेतृत्व परिवर्तन भएको छैन। २०५४ सालमा उपेन्द्र यादवको नेतृत्वमा सामाजिक संस्थाको रूपमा मधेसी जनअधिकार फोरम गठन भएको थियो। पछि त्यही फोरमलाई २०६४ मा पार्टी बनाइयो। मधेसी जनअधिकार फोरम नेपाल पार्टीका रूपमा आएपछि २०६५ मा पहिलो महाधिवेशन वीरगन्जमा भएको थियो। त्यस यता पार्टीको महाधिवेशन पनि हुन सकेको छैन। मधेसी जनअधिकार फोरमबाट संघीय समाजवादी फोरम नेपाल, समाजवादी पार्टी हुँदै जसपा नेपाल बनेको हो।

मधेसी जनअधिकार फोरम पार्टीको रूपमा गठन भएको १८ वर्ष भइसके पनि हालसम्म एउटा महाधिवेशन मात्र भएको छ। यो बिचमा विभिन्न दलसँग एकीकरण गरेर जसपासम्म पुगेको हो। पार्टी एकीकरणकै नाममा महाधिवेशन टार्दै गयो। जति पटक पार्टी एकीकरण भयो एकता महाधिवेशन गर्ने भनी पटक पटक मिति तय भएको थियो। तर तोकिएको मितिमा कहिले महाधिवेशन हुन सकेन। यसपटक भने लगभग तोकिएको समयमा नै महाधिवेशन हुने नेताहरूले दाबी गरेका छन्।

**सिनियरलाई आउट**

राजनीतिमा उपेन्द्र यादवभन्दा अशोक राई निकै सिनियर नेता हुन्। तर उनीसँग एकीकरण गर्दा उनलाई वरिष्ठ नेतामै थन्काएर राखिएको छ। डा.बाबुराम भट्टराई पनि उपेन्द्र यादवभन्दा सिनियर नेता हुन् तर उनी पनि एकीकरण गर्दा संघीय परिषद्को अध्यक्षमा सीमित बने। महन्थ ठाकुरसँग तर पार्टी एकीकरण गर्दा उपेन्द्र यादवले अध्यक्ष स्वीकार गरेका थिएनन्। त्यसपछि पार्टी दुई अध्यक्ष प्रणालीमा गयो। पछि आफूमाथि खतरा देखेपछि महन्थ ठाकुरले पार्टी विभाजन गरे गरे। जसपमा दुई जना अध्यक्ष भए पनि उपेन्द्र यादवले एकलौटी रूपमा पार्टी चलाउन चाहेका थिए। त्यसमा महन्थ ठाकुरले ब्रेक लगाएका थिए।

त्यति मात्र होइन, डा. बाबुराम भट्टराईले महन्थ ठाकुर गइसकेपछि त्यो ठाउँमा अर्को अध्यक्ष चयन गर्नुपर्छ भनेर पार्टीमा प्रस्ताव लगे। यो कुरा पटक पटक उनले पार्टीमा पनि उठाए पनि अध्यक्ष यादवलाई त्यो कुरा नसुनेको जस्तै गरे। पछि अशोक राईले पनि अध्यक्षको चाहना राखेका थिए। तर उनलाई संघीय परिषद्को अध्यक्ष र शिक्षा मन्त्री बनाएपछि उनको मुख पनि बन्द भएको थियो। पार्टीमा सिनियर नेतामा एक जना रामसहाय यादव थिए। महाधिवेशनमा पार्टी अध्यक्षको दाबी गर्लान् कि भनेर उनले रामसहायलाई उपराष्ट्रपति बनाएका छन्। रामसहाय उपराष्ट्रपति भएपछि खाली भएको ठाउँबाट उपेन्द्र यादव चुनाव लडेर प्रतिनिधि सभामा आएका हुन्।

जसपाका एक जना कार्यकारिणी सदस्यले भने, उपेन्द्र यादवले जोबाट आफूलाई खतरा देख्नुहुन्छ, उसलाई कुनैनकुनै बहानामा साइड लगाइ दिनुहुन्छ। अहिले उपेन्द्र यादवको बराबर गर्ने कुनै पनि नेता पार्टीमा हुनुहुन्न। रेणु यादव कहिलेकाहीँ बोल्नुहुन्थ्यो उहाँलाई पनि दबाएर राख्नुभएको छ। उहाँ पनि पार्टीबाट कतिखेर निस्किनुहुन्छ थाहा छैन।'बेलाबेला यादवले पार्टीका कार्यकारिणी सदस्य राजकिशोर यादवबाट आफूमाथि खतरा देख्छन्। त्यही भएर पटक–पटक राजकिशोर यादवलाई कमजोर बनाउने प्रयास उपेन्द्र यादवबाट भएको जसपाकै कतिपय नेताहरूको भनाई छ। पार्टीका कोषाध्यक्ष विजय यादवलाई पनि पार्टीमा त्यही अवस्थामा राखेको पार्टीभित्रै टिप्पणी हुने गरेको छ।

**बल्ल महाधिवेशन !**

पार्टीको विधानमा महाधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ तर विशेष कारणवश तोकिएको समयमा हुन नसकेमा अधिकतम ६ महिनासम्म थप गर्न सकिनेछ,' भनेर उल्लेख छ। तर जसपा नेपालको महाधिवेशन १६ वर्षपछि हुँदैछ। पार्टीहरूसँग एकीकरण गर्दै नयाँ पार्टी र विधान बनाउँदै गएपछि कहिले पनि महाधिवेशनको आवश्यकता नै परेन। पार्टी एकीकरणपछि एकता महाधिवेशन गर्ने भनी निर्णय पनि हुन्थ्यो, अर्को महाधिवेशन गर्ने बेलासम्म फेरि कुनै दलसँग एकीकरण हुँदा विधान नै हेरफेर भएपछि महाधिवेशन गराउने आवश्यकता नै पर्दैनथ्यो। फेरि अर्को महाधिवेशनको मिति तय हुन्थ्यो। त्यो क्रम पार्टीमा लामो समयसम्म चलिरह्यो।

२०७२ जेठ २२ गते तत्कालीन मधेसी जनअधिकार फोरम नेपाल र अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टी नेपालबिच एकीकरण भई संघीय समाजवादी फोरम नेपाल बनेको थियो। त्यो एकीकरणपछि पार्टीले २०७५ माघ २८ गतेदेखि ३० गतेसम्म जनकपुरमा एकताको महाधिवेशन गर्ने निर्णय भएको थियो। त्यो महाधिवेशनमा अशोक राईले पार्टी अध्यक्षको दाबी गर्ने चिन्ता उपेन्द्र यादवलाई परेको थियो। त्यही डरले महाधिवेशन तोकिएको समयमा भएन।

त्यसपछि २०७६ वैशाख २३ गते डा. बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिसँग एकीकरण भयो। नयाँ शक्तिसँग एकीकरण भएपछि पार्टीको नाम समाजवादी पार्टी नेपाल राखियो। २०७७ वैशाख १० गते तत्कालीन समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टी नेपाल बिच एकीकरण भयो। एकीकरणपछि बनेको जसपाको अध्यक्षमा उपेन्द्र यादव र महन्थ ठाकुर रहे। सो पार्टी एकीकरण पछि बनेको विधानमा पाँच वर्षभित्र एकता महाधिवेशन गर्ने उल्लेख थियो। तर महाधिवेशनको चर्चा नहुँदै अध्यक्षद्वय उपेन्द्र यादव र महन्थ ठाकुरबिच खटपट सुरु भयो र पार्टी विभाजन भयो।

महन्थ ठाकुरले जसपाबाट अलग भएर लोकतान्त्रिक समाजवादी पार्टी नेपाल गठन गरे भने उपेन्द्र यादव जसपा नेपालको अध्यक्ष भएर बसे। महन्थ ठाकुरको ठाउँमा अर्को अध्यक्ष राख्नुपर्‍यो भनेर बाबुराम भट्टराईले जसपाभित्र आवाज उठाए। त्यो विषय लिएर उपेन्द्र र बाबुरामबिच खटपट सुरु भयो। सोही खटपटका कारण बाबुराम त्यहाँबाट निस्किन बाध्य भए।

## बागमती सिँचाइ ...

नहुँदा तथा पानी आवश्यक नभएको अवस्थामा मर्मतसुधार अगाडि बढाइएको आयोजना प्रमुख भिलानन्द यादवले जानकारी दिनुभयो। दुई वर्षअगाडि सो ब्यारेजको मर्मतसुधारका लागि टेन्डर' आह्वान भए पनि किसानले पटक पटक पानीको माग तथा ठेकेदार कम्पनीको ढिलासुस्तीले ब्यारेज मर्मतसुधारमा समस्या आएको थियो।

आयोजनाका डिभिजनल इन्जिनियर अनुभव चौधरीले लामो समयदेखि ब्यारेजको मर्मतसुधार नहुँदा ब्यारेजको तल्लो पक्की ढलान पूर्णरुपमा फुटेको, ढोका कमजोर भएका, प्लास्टर उप्किएपछि रडहरु देखिएको तथा रड खिया लाग्ने अवस्थामा पुगेको, पर्खाल भत्किएको, जथाभावी फोहोरमैला जमेकाले सुधारको कार्य भइरहेको बताए। ब्यारेजको सरसफाइ, रङ्गरोगन, सिमेन्ट ढलान, तारजाली बिछ्याउने, बिम्ब राख्ने, पर्खाल निर्माण, ढोका मर्मतसुधारलगायत कार्य भइरहका छन्।

रु ६५ लाखको लागतमा ब्यारेजको मर्मत भइरहेको छ,' इन्जिनियर चौधरीले भने। वि.सं २०३५ मा नेपाल सरकारको लगानीमा निर्माण सुरु भएको सो आयोजनाले २०५० सालदेखि सिँचाइ सुविधा पुऱ्याउँदै आएको छ। चार सय तीन मिटर लम्बाइ रहेको सो आयोजनाको ब्यारेजमा ५० ढोका तथा दुई मूल नहर रहेका छन्। पूर्वतर्फ ६४.४ क्युसेक पानीको बहाव क्षमता तथा पश्चिमतर्फ ४८.४ क्युसेक पानीको बहाव क्षमता रहेको छ। पूर्वी नहरबाट २२ हजार ६ सय हेक्टर तथा पश्चिमी नहरबाट २३ हजार तीन सय ४० हेक्टर जमिनमा सिँचाइ भइरहेको उनले बताए।

पश्चिमी मूल नहरअन्तर्गत रौतहटको भलोहिया, वहुवरी तथा वग्ही गरी तीन शाखा तथा सर्लाहीको मानपुर, गढैया र लक्ष्मीपुर गरी तीनवटा शाखा रहेका छन्। ती शाखाबाट पनि उपशाखा र नहरबाट खेतमा सिँचाइ गर्ने काम भइरहेको छ। सो आयोजनाको एक लाख २२ हजार हेक्टरमा सिँचाइ गर्ने लक्ष्य छ। सुनकोशी मरिनडाइभर्सन निर्माण भएपछि सो आयोजनालाई २०८२ सालदेखि ६७ क्युसेक पानी उपलब्ध हुने तथा त्यसबाट धनुषा, महोतरी, सर्लाही, रौतहट र बारा जिल्लामा समेत सिँचाइ हुने आयोजनाले जनाएको छ।

सो आयोजनामा तीन सय कर्मचारी कार्यरत छन्। आयोजनाको चालु आर्थिक वर्षमा रु ८३ करोड बजेट रहेको छ। सो आयोजनाको चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा भौतिक प्रगति ६५ प्रतिशत तथा वित्तीय प्रगति ६० प्रतिशत भएको इन्जिनियर चौधरीले जानकारी दिए। यसअघि २०५० सालमा गएको बाढीबाट आयोजनामा क्षति पुगेको थियो।

## चिम्टी अग्नि ...

गाउँपालिका–१ चिम्टी टोलका अग्निपीडित ६२ परिवारलाई भाँडावर्तनलगायत सामग्री प्रदान गरिएको हो। नेपाल–भारतमैत्री संघले पीडितलाई १० किलो चामल, दुई किलो दाल र नुन, एक किलो चिनी लुङ्गी, साडी, तन्ना, झुल, प्रदान गरेको छ।

सप्तरी युथ नेपाल र नुर वेलफेयर सोसाइटीले नियमितरूपमा पीडितलाई भोजनको व्यवस्था गरेको छ। गत मंगलबार महादेवा गाउँपालिका–१ चिम्टीमा आगलागी हुँदा त्यहाँका ६२ परिवारका एक सय १४ वटा घर जलेका थिए।



# गोलबजार नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**गोलबजार, सिरहा**

**मधेश प्रदेश, नेपाल**

**नि:शुल्क टियोसेन्टी घाँसको बीउ वितरण सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०१/२१**

गोलबजार नगरपालिका पशु सेवा शाखाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम टियोसेन्टी घाँसको बीउ वितरण कार्यक्रम रहेको हुँदा सो सम्बन्धमा गोलबजार नगर पालिका पशु सेवा शाखाबाट मिति २०८१/०१/२४ गते देखि २०८१/०१/३० गतेसम्म नि:शुल्क टियोसेन्टी घाँसको बीउ वितरण हुने भएको हुनाले प्राप्त गर्न चाहने इच्छुक पशुपालक कृषकहरुले तपसिलका आवश्यक कागजात सहित गोलबजार नगरपालिका पशु सेवा शाखामा समयमै सम्पर्क राखी बीउ प्राप्त गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरुको सूची:**

१) निवेदन-१ (निवेदन फर्मेट पशु सेवा शाखाबाट नि:शुल्क प्राप्त गर्न सकिन्छ)
२) घाँस खेती गरिने जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि-१
३) निवेदकको नागरिकात प्रमाणपत्रको प्रतिलिपि-१
४ पशुपालन फर्मको हकमाः फर्मको आवश्यक कागजातहरुको प्रतिलिपि

**-प्रमुख प्रशासकीय अधिकृत**


# आङ खस्ने समस्या मधेशका महिलामा पनि व्यापक'

पर्सा, २२ वैशाख । पाठेघर खस्ने समस्या मधेशका महिलामा समेत व्यापक रहेकाले त्यस सम्बन्धी सचेतना आवश्यक रहेको सरोकारवालाहरुले औंल्याएका छन् । हेल्थ मिडिया प्रालि, नारायणी अस्पताल र राष्ट्रिय स्वास्थ्य, शिक्षा तथा सूचना केन्द्रको संयुक्त आयोजनामा शनिबार वीरगन्जमा सम्पन्न पाठेघर खस्ने समस्या सम्बन्धी पत्रकार अन्तरक्रिया कार्यक्रम' मा सरोकारवालाहरुले यस्तो औंल्याएका हुन् ।

**आङ खस्ने समस्या मधेशका महिलामा पनि व्यापक'**

नारायणी अस्पतालकी स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा मन्जु रायले कम उमेरमै आमा बन्दा, घरमै सुत्केरी गराउदा, व्यथा बढेर सुत्केरी गराउदा, कम समयको अन्तरमा सन्तान जन्माउदा, सुत्केरीले आराम नपाउँदा आदि कारणले महिलामा पाठेघर खस्ने समस्या बढी देखिने गरेको बताइन् । उनले धुम्रपान गर्ने र दमको समस्या भएका महिलालाई पाठेघर खस्ने जोखिम झनै बढी हुने गरेको बताइन् । कतिपय महिलामा महिनावारी सुकेपछि पनि यो समस्या देखिने गरेको उनले बताइन् ।

पाठेघर खस्ने समस्याको नि:शुल्क उपचार र शल्यक्रिया समेत हुने भए पनि तराईमा रोग लुकाएर राख्ने र जटिल समस्या नहुन्जेलसम्म अस्पताल नआउने प्रवृतिले पनि यो समस्या बढ्दो क्रममा रहेको बताइन् । पहाडमा समस्या देखिए महिलाहरु खुल्ने तर तराईमा नखुल्ने प्रवृति बढी छ,' उनले भनिन्, नारायणी अस्पतालमा मात्रै गत आवमा ५० र चालु आवमा हालसम्म ५५ महिलाको खसेको पाठेघरको शल्यक्रिया गरी सकेका छौं ।'

डा रायले महिला तथा पुरुष दुबैलाई प्रजनन स्वास्थ्य सम्बन्धि जानकारी हुनुपर्ने, बालविवाह रोक्नु, २ गर्भ बीच समयको अन्तर राख्नु, गर्भवतीलाई अस्पतालमै सुत्केरी गराउनु, सुत्केरी अवस्थामा आराम दिनु, महिलाले धुम्रपान नगर्नु, पीडित महिलाले कानुनी उपचार खोज्नु र रोग बारे सचेतना फैलाउनुनै यो समस्याको न्यूनीकरण गर्ने उपाय रहेको बताइन् । वीरगन्ज महानगरपालिका कार्यालय जनस्वास्थ्य महाशाखाकी प्रजनन् स्वास्थ्य कार्यक्रम संयोजक इन्दिरा लोहनीले महानगरमै पनि यो समस्या निरन्तर देखा परिरहेको बताइन् । विशेषगरी महानगरको वडा १७ देखि ३२ वडासम्म यो समस्या बढी पाइएको उनले बताइन् । यी वडा महानगरका ग्रामीण वडा हुन् ।

स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा मुक्तिनारायण साहले मधेशका प्रजनन् उमेरका महिला मध्ये १० देखि ४० प्रतिशत सम्म महिलामा पाठेघर खस्ने समस्या रहेको बताए । उनले उमेर बढ्दै जाँदा महिलामा यो समस्या झनै बढ्ने गरेको बताउँदै उनले मधेशमा स्वास्थ्य प्रति कम चाँसो र संवेदनशील नहुने प्रवृतिले पनि यो समस्या बढ्दो क्रममा रहेको बताए । सरकारी वकिल कार्यालय मकवानपुरकी सहन्यायाधीवक्ता विष्णुकुमारी चौधरीले पाठेघर खस्ने समस्या देशव्यापी रुपमा बढ्दो र जटिल हुँदै गए पनि त्यसको सम्बन्धमा ठोस कानुन आइनसकेको बताइन् । उनले संविधानको धारा ३५, ३८, ४२ र ४६ मा क्रमशः स्वास्थ्य सम्बन्धी हक, महिलाको हक, सामाजिक न्यायको हक र संवैधानिक उपचारको हकको व्यवस्था रहेको र यो समस्या पीडित महिलाले यसै आधारमा उपचारको व्यवस्था खोज्नुपर्ने स्थिति रहेको बताइन् ।

मुलुक संघीयतामा जानुअघि पाठेघर खस्ने समस्याको रोकथाम र शल्यक्रिया सम्बन्धी कार्यविधि निर्देशिका २०६५ आए पनि निर्देशिका मात्रैले यो समस्याको उचित सम्बोधन गर्न पर्याप्त भूमिका खेल्न नसकेको पनि उनले बताइन् ।


# बालमैत्री वातावरण बनाऔं

**बालबालिकालाई**:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# मधेसका जनताप्रतिको जिम्मेवारी भुलेको छैन : प्रधानमन्त्री



सर्लाही, २२ वैशाख । प्रधानमन्त्री अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड' ले मधेसका जनताप्रतिको सम्मान र उनीहरूको आर्थिक एवं सामाजिक विकासका निम्ति आफू प्रतिबद्ध रहेको बताएका छन् । नेकपा(माओवादी केन्द्र) सर्लाहीको निर्वाचन क्षेत्र-४ ले बलरामा आयोजना गरेको बृहत् पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री एवं पार्टी अध्यक्ष प्रचण्ड'ले पछिल्लो समय मधेसी जनतामा जागरण पैदा भएकाले यहाँका जनताले मुक्तिको पक्षमा उभिने विश्वास व्यक्त गरेका हुन् ।

मिटरब्याज पीडितका समस्या समाधान गर्न र नागरिकताविहीन जनताको मागलाई सम्बोधन गर्न आफू नेतृत्वको सरकारले प्राथमिकताका साथ काम गरेको स्पष्ट पार्दै उनले आगामी दिनमा पनि मधेसको मुद्दालाई आफूले गम्भीरतापूर्वक लिएर सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेटमा मधेस प्रदेशलाई पहिलो प्राथमिकतामा राख्ने उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले मधेसका जनताको पक्षमा निरन्तर प्रतिबद्ध भएर लाग्ने विश्वास दिलाए ।

तराईमा सिँचाइ र विद्युतीकरणका कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखेर काम अगाडि बढाएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले भने, मधेसको जमिन सिँचाइमा नहुँदासम्म उत्पादकत्व बढ्दैन, जनताले रोजगारी पाउँदैन र समृद्धि पनि हासिल हुँदैन, त्यसैले मधेसमा सिँचाइ गर्ने मेरो प्राथमिकता छ ।' मधेसका जनताको मुक्तिका लागि यहाँका जनताले ठुलो त्याग गरेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले जनताका मुक्तिका लागि संघर्ष गर्ने सम्पूर्ण सहिदप्रति सम्मान व्यक्त गरे । उनले बलरा र सर्लाहीका जनताको मागलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

**आगलागी पीडितलाई राहत उपलब्ध हुन्छ'**

देशभर आगलागीबाट ठुलो क्षति भएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले आगजनीबाट भएको क्षतिप्रति दुःख व्यक्त गरे । उनले आगलागीबाट प्रभावित जनतालाई तत्कालका लागि रु ५० हजार प्रतिपरिवार राहत उपलब्ध गराउने मन्त्रिपरिषद्ले निर्णय गरेको जानकारी गराए । प्रधानमन्त्री प्रचण्डले आगलागीबाट भएको क्षतिको अवस्था हेरेर थप राहत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

पार्टी अध्यक्ष प्रचण्डले विभिन्न राजनीतिक पार्टीहरू नेपाली कांग्रेस, नेकपा(एमाले), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमतलगायत पार्टी परित्याग गरी माओवादी केन्द्रमा प्रवेश गर्नुभएका सयौँ नेता तथा कार्यकर्तालाई पार्टीमा स्वागत गरे । यसअघि प्रधानमन्त्री प्रचण्डले सर्लाही जिल्लाको गडहिया-डुमरिया नगरपालिका बलरा-८ स्थित जनता नमुना मा.वि.को नवनिर्मित भवनको उद्घाटन गरेका थिए ।

# एक सय रुपैयाँको नोटमा नेपालको नयाँ नक्सा छाप्ने सरकारको निर्णय

काठमाडौं, २२ वैशाख । सरकारले चलनचल्तीमा रहेको एक सय रुपैयाँ दरको नोटको अग्रभागको पृष्ठभूमिमा रहेको नेपालको पुरानो नक्साको सट्टा नयाँ नक्सा राखेर नयाँ नोटको डिजाइन गर्न स्वीकृति दिएको छ । पछिल्लो मन्त्रिपरिषद्को बैठकले सय रुपैयाँ नोटको डिजाइन परिमार्जन गर्न स्वीकृति दिने निर्णय गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बताउनुभयो । यसभन्दा पहिला सय रुपैयाँको नोटमा नेपालको पुरानो नक्सा थियो ।

त्यस्तै सरकारले विश्व बैंकबाट उपलब्ध हुने सय मिलियन अमेरिकी डलर (झण्डै १३ अर्ब ३३ करोड रुपैयाँ) बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने, सिम्बुवा खोला जलविद्युत् आयोजनाका लागि झण्डै १२ दशमलव ३६ हेक्टर जग्गा प्राप्त गर्ने सम्बन्धी प्रकृया चलाउन अधिकारी तोक्ने, नेपालको सर्वोच्च अदालत र भारतको सर्वोच्च अदालतबीच न्यायिक सहयोगको क्षेत्रमा सम्पन्न हुने समझदारी पत्र स्वीकृत गर्ने र समझदारी पत्रमा हस्ताक्षर गर्न सर्वोच्च अदालतका मुख्य रजिष्टार वा रजिष्टारलाई स्वीकृति दिने, भारतमा चलिरहेको लोकसभा चुनावको अवलोकनका लागि भोलिदेखि २७ सम्म हुन लागेको प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको भारत भ्रमण स्वीकृत गर्नेलगायतका निर्णय गरेको छ ।

# विराटनगरमा डेढ करोड रुपैयाँ लगानीमा बनेको बायोग्यास प्लान्ट अलपत्र

मोरङ, २२ वैशाख । विराटनगरमा २०७५ सालमा डेढ करोड रुपैयाँ लगानीमा बनेको बायोग्यास प्लान्ट अलपत्र परेको छ । ग्यास सिलिण्डरको युग अन्त्य गरेर घर-घरमा ग्यास पुऱ्याउने उद्घोषसहित पाँच वर्षअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नुभएको बायोग्यास प्लान्ट दुई वर्षदेखि बन्द रहेको छ । सडक बिस्तारका क्रममा फुटेको पाइपलाइन बनाउन नसक्दा बायोग्यास प्लान्ट सञ्चालनमा आउन नसकेको हो । नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो 'घर-घरमा ग्यास पाइप' भन्ने चुनावी नारालाई सार्थकता तुल्याउन भन्दै बायोग्यास प्लान्टको परिकल्पना भएको थियो । विराटनगर महानगरपालिका-१४ जतुवामा दुई सय २० घनमिटर क्षमताको ग्यास प्लान्ट उद्घटन गर्दै उहाँले सिलिण्डर ग्यासलाई प्रतिस्थापन गर्ने उद्देश्य अनुरूप काम गरेको उद्घोष गर्नुभएको थियो । तर सञ्चालनमा आएको तीन वर्ष नबित्दै प्लान्ट बन्द भएपछि उपभोक्ताको उत्साह अहिले निराशामा परिणत भएको छ ।

एलपी ग्यासको तुलनामा सस्तो र गुणस्तरीय गोबर ग्यासबाट खाना पकाएका स्थानीय ३२ वटा घरका उपभोक्ता दुई वर्षयता पुनः सिलिण्डर ग्यास किन्न बाध्य बनेका छन् । श्रीकृष्ण गौसेवा सदनमा पालिएका दुई सय वटा गाईको गोबरबाट ग्यास उत्पादन हुन्छ । त्यहाँ कार्यरत १८ कर्मचारीले मेसिन बिग्रन नदिन ग्यास उत्पादनको कामलाई निरन्तरता दिएपनि पाइपलाइन फुटेका कारण उपभोक्ताको घरसम्म ग्यास पुग्न सकेको छैन । उत्पादित ग्यास त्यत्तिकै खेर गइरहेको छ । प्लान्ट पुनः सञ्चालनका लागि २५ लाख रुपैयाँ लाग्ने र त्यसका निम्ति सरकार स्वयम्ले तदारुकता देखाउनुपर्ने कर्मचारीहरु बताउँछन् ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)